☎ ०२३ ५४०२४४
फ्याक्स: ०२३ ५४५८००

# बिर्तामोड नगरपालिका कार्यालय

## BIRTAMODE MUNICIPALITY OFFICE

विर्तामोड,झापाBIRTAMODE ,JHAPA

च.नं.

मिति :- २०७२/०८/२७

विषय :- आ.ब. २०७३/०७४ को बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन र बजेट सीमा पठाएको ।

श्री मेघराज बाँस्तोला
वडासचिव(ना.सु) वडा नं. १, ५, ६, ७, ८, ९
श्री भाष्कर लुइटेल
वडासचिव(ना.सु.)
संयुक्त वडा कार्यालय, वडा नं. २, ३, ४
चारपाने, विर्तामोड

स्थानीय स्वायत्त शासन ऐन २०५५, स्थानीय स्वायत्त शासन नियमावली २०५६ र स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा भएको व्यवस्थाको अधीनमा रही आगामी आ.ब. २०७३/०७४ को लागि २०७२ पौष मसान्त सम्ममा तेश्रो नगरपरिषद सम्पन्न गरि नगर विकास योजना २०७३/०७४ पारित गर्नुपर्ने भएकोले सम्बन्धित वडाका राजनीतिक दल, वडा नागरिक मञ्च, विषयगत कार्यालय, नागरिक सचेतना केन्द्र, लक्षित वर्ग, पत्रकार, वडावासी र अन्य सरोकारवाला निकायका प्रतिनिधिहरुको न.पा. बाट तोकिएको मिति, समय र स्थानमा वडा भेला गराई सम्बन्धित वडा नागरिक मञ्चको सिफारिस गराई देहायका मार्गदर्शनमा उल्लेखित प्राथमिकताहरुको आधारमा योजना/कार्यक्रम छनौट तथा प्राथमिकता निर्धारण गरी पौष १० गते भित्रमा अनिवार्य रुपले न.पा. कार्यालयमा पेश गर्नुहुन जानकारी गराइन्छ ।

*मार्गदर्शन*

१) अधुरो रहेको, छोटो समयमा सम्पन्न हुने, थोरै लगानीबाट वढी प्रतिफल प्राप्त हुने, धेरै जनसंख्या लाभानिवत हुने, लक्षितवर्ग र आर्थिक सामाजिक रुपले पछाडी परेका वर्गको विकासमा सहयोग पुग्ने, स्थानीय सीप, श्रोत र साधनबाट संचालन हुन सक्ने क्षमता विकास हुन सक्ने, रोजगारी सिर्जना हुन सक्ने । वढी जनसहभागिता जुटन सक्ने, वातावरण संरक्षण प्रवर्द्धन हुन सक्ने, खुला दिशामुक्त क्षेत्र घोषणा गर्न सहयोग पुग्ने, फोहोरमैला व्यवस्थापन तथा न्यूनीकरण हुनसक्ने, वालवालिका मैत्री हुन सक्ने, महिला तथा घरेलु हिंसा र मानव वेचविखन न्यूनीकरण हुन सक्ने, गरिवि निवारणमा सहयोग पुऱ्याउने,जनताको जिवनस्तर उकास्ने, लागु औषध तथा दुर्व्यसन न्यूनीकरण गर्न सक्ने, सामाजिक पूजी निर्माण हुन सक्ने, सामाजिक परिचालन हुन सक्ने, प्रदुषण न्यून गर्ने, जनस्वास्थ्यमा प्रतिकुल असर नगराउने र लैङ्गिक समता तथा सामाजिक सभावेशीकरण हुन सक्ने जस्ता कार्यक्रम/योजनालाई प्राथमिकता दिई छनौट गर्ने ।
२) उपभोत्ता समिति, संस्था समूह, आदिबाट संचालन गरिने कार्यक्रममा न्यूनतम २० प्रतिशत नगद सहभागिता अनिवार्य हुनुपर्ने ।
३) लक्षित समूहको लागि र प्रवर्ध्दनात्मक क्षेत्रका लागि छुट्याइएको बजेटबाट कुनै पनि प्रकारको वितरणमुखी कार्यक्रम, सभा सम्मेलन वा गोष्ठी, उत्सव, दिवस जस्ता कार्यक्रममा खर्च गर्ने गरि बजेट छुट्याउन पाइने छैन ।
४) लक्षित समूहको लागि छुट्याइएको बजेटबाट योजना/कार्यक्रम संचालन गर्दा लक्षित समूहको कुनै संघ, संगठन वा संस्था मार्फत सिधै अनुदान उपलब्ध गराउने गरि बजेट छुट्याउन पाइने छैन । प्रचलित कानून र कार्यविधिले तोकेको उपभोक्ता समिति गठन लगायतका प्रावधानहरु अनिवार्य पुरा गर्नुपर्नेछ ।
५) लक्षित समूहमा लगानी गर्दा लोपोन्मुख, अतिसीमान्तकृत तथा सबै जातजातिका अति विपन्न परिवारहरुलार्य लक्षित गरी बजेट/कार्यक्रम बनाउनु पर्नेछ ।
६) लक्षितवर्गमा जाने कार्यक्रम वा आयोजनाबाट कम्तीमा पनि ७० प्रतिशत सोही समूहका वर्गले प्रत्यक्ष फाइदा पाउने गरी कार्यक्रम तयार गर्नुपर्ने र निर्णय प्रक्रियामा त्यस्तो वर्ग/समुदायको सहभागिता भएको हुनुपर्नेछ ।
७) आर्थिक सामाजिक एवं भौतिक पूर्वाधार अन्तर्गत विनियोजन भएको रकमबाट रु. ५ लाख भन्दा कम लागतका कार्यक्रम वा आयोजना छनौट गर्न पाइने छैन । सडकको नाला निर्माण तथा कालोपत्रे गर्नुपर्ने भएमा न.पा.ले तोकेको मापदण्ड पुरा भएको सडकमा मात्र वजेट छुट्याउनु पर्नेछ ।
८) पूजीगत बजेटबाट कुनै पनि प्रकारको तलव, भत्ता, बैठकभत्ता, दैनिक भ्रमण भत्ता, कर्मचारी एवं राजनीतिक पदाधिकारी वा व्यक्तिको परिश्रमिक, कर्मचारी सेवा निवृत्त हुदा पाउने सुविधा, राजनीतिक दल तथा तिनका भ्रातृ वा भगिनी संगठन, संघसंस्था वा व्यक्ति आदिलाई कुनै पनि किसिमको आर्थिक सहायता, चन्दा, पुरस्कार प्रदान गर्न वा संस्थागत वा कार्यक्रमिक सहयोग उपलब्ध गराउने गरि योजना/कार्यक्रम बनाउन पाइने छैन ।
९) यि माथिका विषयका अलावा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९ मा भएका व्यवस्था बमोजिम गर्नु हुने ।

..........................
रविन्द्र प्रसाद वस्ती
कार्यकारी अधिकृत

बोधार्थ तथा कार्यार्थ
श्री अध्यक्षज्यू.
वडा नागरिक मञ्च
विर्तामोड न.पा. वडा नं. :- माथि उल्लेखित प्रक्रियाहरु पुरा गरि योजना/कार्यक्रम तर्जुमा गर्ने कार्यमा सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

☎ ०२३ ५४०२४४
फ्याक्स: ०२३ ५४५८००

# बिर्तामोड नगरपालिका कार्यालय
## BIRTAMODE MUNICIPALITY OFFICE
बिर्तामोड,झापाBIRTAMODE ,JHAPA

# बजेट सीमा (सिलिङ) आ.ब. २०७३/०७४

| सि.नं. | कार्यक्रम विवरण | रकम |
|---|---|---|
| १) | **लक्षित वर्गको लागि रु :-** | १४,००,००० |
| | क) महिला १० प्रतिशतले हुने | ४,००,००० |
| | ख) बालबालिका १० प्रतिशतले हुने | ४,००,००० |
| | ग) अन्य लक्षित वर्ग १५ प्रतिशतले हुने | ६,००,००० |
| २) | प्रवर्द्धनात्मक क्षेत्रको कार्यक्रमको लागि | १०,४०,००० |
| ३) | आर्थिक, सामाजिक एवं भौतिक पूर्वाधार विकासका लागि | १५,६०,००० |
| | ***जम्मा*** | ४०,००,००० |

Email : Btmnp53@gmail.com
Website : Birtamodmun.gov.np